# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

भाग २ खण्ड ६ संख्या ७ फाल्गुन २०८०

### शिवसताक्षी नगरपालिका सेवा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ प्रथम संसोधन, २०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०-११-१७**
**प्रमाणिकरण मिति: २०८०-११-२१**

**प्रस्तावना:**

शिवसताक्षी नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ लाइ समय साषेक्ष बनाउन  वाञ्छनीय भएकोले शिवसताक्षी नगरपालिका नगरकार्यपालिकाले देहाय बमोजिम सम्सोधन गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "शिवसताक्षी नगरपालिका सेवा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८"  रहेकोछ।

(२) यो कार्यविधि  तुरुन्त प्रारम्भ हुनेछ।

२.  कार्यविधिको दफा ४ को उपदफा (३क) पछी देहायको थप गरिएको

सुचिकृत सम्बन्धी व्यवस्था

३. कार्यविधिको दफा ४ को उपदफा (३ख) मा देहाय अनुसारको संसोधन गरिएको

(३ ख)  कार्य अनुभव वापत -३ अंक (बढिमा ३ वर्षको प्रति वर्ष १ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने।)

४. कार्यविधिको दफा ४ को उपदफा (३ग) मा देहाय अनुसारको संसोधन गरिएको

(३ ग) स्थानीय बासिन्दालाइ देहाय बमोजिम ७ अंक

१ नगरपालिकाको बासिन्दा भएमा ७ अंक

२ यस जिल्लाको बासिन्दा भएमा ३ अंक

३ जिल्ला बाहिर भएमा २ अंक

५. कार्यविधिको दफा ४ को उपदफा (३घ) मा देहाय अनुसारको संसोधन गरिएको

(३घ) दरखास्त स्वीकृत भइ वा सुचिकृत भइ लिखित तथा प्रयोगात्मक परिक्षाका लागि छनोट भएका उमेद्वारहरुको परिक्षा संचालन सम्बन्धी व्यवस्था।

- लिखित तथा प्रयोगात्मक परिक्षा  ५० अंक (पदको किसिम अनुसार लिखित परिक्षा वा प्रयोगात्मक परिक्षा संचालन गर्दा विषय अनुसारको पाठ्यक्रम तयार गरि लागु गर्नुपर्ने।

६. कार्यविधिको दफा ४ को उपदफा (३ङ) मा देहाय अनुसारको संसोधन गरिएको

मौखिक अन्तरवार्ता सम्बन्धी व्यवस्था

(३ ङ) अन्तरवार्ता अधिकतम २० अंक। यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ८(आठ) वा ४० प्रतिशत र अधिकतम १५ (पन्ध्र) वा ७५ प्रतिशत को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ। सो भन्दा घटि/बढी प्रदान गर्नुपर्ने भएमा पुष्टाइ गर्नुपर्नेछ। तर स्थानीय बासिन्दाको हकमा अंक प्रतिशत कायम नहुने।

- लिखित वा प्रयोगात्मक परिक्षा उत्तिर्ण गरी मौखिक अन्तर्वार्ता परिक्षाका लागि  अनुसुची ५ बमोजिम हुने।

७. कार्यविधिको दफा ९ को उपदफा (२)  पछी देहाय अनुसारको उपदफा (३) थप गरिएको।

(३) यस कार्यविधि अनुसार रिक्त पदमा नियुक्तिका लागि प्रक्रिया पुरा नभइञ्जेल सम्मको अवधि भित्र तत्काल कामकाज गराउनुपर्ने भएमा नगर प्रमुखको परामर्शमा ६ महिना नबढ्नेगरी योग्यता पुगेको व्यक्तिलाइ प्रमुख प्रशासकीय अधिकृतले दैनिक ज्यालादारीमा कामकाज लगाउन सक्नेछ।

# अनुसुची ५
## दफा ४ को उपदफा (३ङ) बमोजिम
## अन्तरवार्ता मुल्यांकन फारम

विज्ञापन नं पद श्रेणी/तह

सेवाः पद संख्या दरखास्त दर्ता संख्या

लिखित परिक्षामा सामेल उम्मेदबार अन्तरवार्ता मितिः अन्तरवार्तामा सामेल उमेदबार

| क्र.सं. | रोल नं. | उम्मेदवारको नाम/थर | अन्तरवार्ता २० अंक | | | | जम्मा अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्धीत विषयवस्तुको ज्ञान<br>७५ प्रतिशत भन्दा माथी ४० प्रतिशत भन्दा कम अंक दिदा पुष्टाइ गर्नुपर्ने<br>८ अंक | समसामयिक ज्ञान<br>७५ प्रतिशत भन्दा माथी ४० प्रतिशत भन्दा कम अंक दिदा पुष्टाइ गर्नुपर्ने<br>३ अक | प्रस्तुतीशैली<br>७५ प्रतिशत भन्दा माथी ४० प्रतिशत भन्दा कम अंक दिदा पुष्टाइ गर्नुपर्ने<br>२ अंक | स्थानीयवासी<br>शिवसताक्षी नगरपालिकाको स्थायी भए ७ अंक, जिल्ला भित्रको भए ३ अंक र जिल्ला बाहिरको भए २ अंक<br>७ अंक | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

माथी उल्लेखित विज्ञापनमा सहभागी कुनैपनी उम्मेदबार मेरो पति, पत्नी तथा छोरा, छोरी, दाजु-भाइ, दिदि-बहिनी, भाउजु-बुहारी, देवर, जेठाजु, नन्द-आमाजु, काका-काकी, ठुलीआमा-सानिआमा, ठुलाबा-सानाबा, भतिज-भतिजि, साला-साली-जेठान-जेठानी, फुपु-फुपाजु र तिनका छोराछोरी नाता पर्दैन ।

अन्तरवार्ता समितिको अध्यक्ष/सदस्यको दस्तखत

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**